बैठक संख्या: २० 		स्थान : रासी नगरपालिका

मिती : २०८०।०३।२४ गते 		समय : दिउसो २:०० बजे आइतबार

यस रासी नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकांको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसी निम्न प्रस्तावहरुमा छलफल गरियो ।

<u>तपसिल</u>

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री शमशेर लामा | प्रमुख |
| | श्री देवेन्द्र लामा | नगर उप-प्रमुख |
| | श्री ~~सिद्दिलाल स्याङ्तान~~ गेदर तमाङ | ~~वडा~~ का.वा. अध्यक्ष वडा नं. १ |
| | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं. २ |
| | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री सिताराम बल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री जल्लु थारु महतो | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री खड्क बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री तेज बहादुर तमाङ | वडा अध्यक्ष वडा नं. १० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| (हस्ताक्षर) | श्री बुद्धिबहादुर तमाङ | वडा अध्यक्ष वडा नं. ११ |
| (हस्ताक्षर) | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं. १२ |
| (हस्ताक्षर) | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं. १३ |
| (हस्ताक्षर) | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री कविता राई | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री रमिता परियार | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री आइति देवी दराई | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य |
| (हस्ताक्षर) | श्री नीलमकुमार न्यौपान | प्रमुख प्रशासकीय अधिकृत |
| (हस्ताक्षर) | श्री गुनु वि.क. | जि.स.स. सदस्य |
| (हस्ताक्षर) | श्री दिपक थिङ | प्रशासकीय अधिकृत |
| (हस्ताक्षर) | श्री रमेश चौधरी | क.अ. |
| | श्री सुरज चौधरी | |

Scanned with CamScanner

**बैठक संख्या : २०** **मिति : २०८०।०३।२४**

**प्रस्तावहरु**

१. बजेट सिलिङ सम्बन्धमा ।

२. नगरसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

क. आर्थिक ऐन २०८० सम्बन्धमा

ख. विनियोजन ऐन २०८० सम्बन्धमा ।

ग. स्थानीय भाषा ऐन २०८० सम्बन्धमा ।

घ. विभिन्न समितिहरुको प्रतिवेदन सम्बन्धमा ।

ङ. विविध ।

३. विविध ।

क. खेलकुदको फाइल सम्बन्धमा ।

ख. वडागत योजना शिर्षक परिवर्तनको अनुमोदन सम्बन्धमा ।

ग. शिक्षक स्थापित गर्ने (विन्दु चौधरी) सम्बन्धमा ।

घ. वडा नं. १३ को चर्च सम्बन्धमा ।

ङ. जग्गा लिने सम्बन्धमा ।

च. कर्मचारीको तलब भत्ता व्यवस्थापन सम्बन्धमा ।

छ. सुरदेवी मार्ग सम्बन्धमा ।

ज. नीतिगत निर्णय सम्बन्धमा ।

झ. प्र प्र अ को सम्मान गर्ने सम्बन्धमा ।

ञ. लम्की स्कीन भाइरसको बजेट व्यवस्था सम्बन्धमा

ट. घरभाडा सम्बन्धमा ।

ठ. विदा/काज स्वीकृत सम्बन्धमा ।

ड. आर्थिक सहयोग सम्बन्धमा ।

ढ. विपदको फाइल सम्बन्धमा ।

Scanned with CamScanner

**बैठक संख्या : २०** **मिति : २०८०।०३।२४**

**निर्णयहरु**

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा रासी नगरपालिकाको वडागत रुपमा यस अघि पठाइएको सिलिङमा निम्न अनुसार परिवर्तन गरि सो अनुसारको योजना तथा कार्यक्रम मिति २०८०।०३।२७ गते विहान ११:०० बजे सम्म पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि न | बजेट प्रापक | श्रोत अनुसार बाडफाट गर्ने बजेट |
|---|---|---|
| १ | वडा नं १ | १८०००००० |
| २ | वडा नं २ | १७५००००० |
| ३ | वडा नं ३ | १७५००००० |
| ४ | वडा नं ४ | १७५००००० |
| ५ | वडा नं ५ | १७५००००० |
| ६ | वडा नं ६ | १८०००००० |
| ७ | वडा नं ७ | १७५००००० |
| ८ | वडा नं ८ | १८०००००० |
| ९ | वडा नं ९ | १७५००००० |
| १० | वडा नं १० | १८०००००० |
| ११ | वडा नं ११ | १८०००००० |
| १२ | वडा नं १२ | १८०००००० |
| १३ | वडा नं १३ | १८०००००० |
| १४ | शिक्षा शाखा | ५७०००००० |
| १५ | स्वास्थ्य शाखा | १७०००००० |
| १६ | कृषि शाखा | १०००००००० |
| १७ | पशु सेवा शाखा | १०५००००० |
| १८ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | १०००००० |
| १९ | आयुर्वेद शाखा | २०००००० |
| २० | नगर प्रहरी | ४०००००० |
| २१ | विपद व्यवस्थापन | ५०००००० |
| २२ | अनिवार्य दायित्व | १३०००००००० |
| २३ | युवा तथा खेलकुल | २०००००० |
| २४ | न्यायिक समिति | २५००००० |
| २५ | भूमि व्यवस्थापन तथा जग्गा नापजाँच | १०००००००० |
| २६ | दलित, जनजाती कार्यक्रम | २०००००० |

Scanned with CamScanner

बैठक संख्या : २०　　　　　　　　　　　　　　मिति : २०८०।०३।२४

| | | |
|---|---|---|
| २७ | पर्यटन प्रर्वधन(पथ निर्माण समेत) | ३०००००० |
| २८ | विपन्न आवास तथा खरको छानो विस्थापन कार्यक्रम | ५५००००० |
| २९ | उद्योग वाणिज्य संघसँगको कार्यक्रम | १०००००० |
| ३० | उद्यम विकास शाखा | १०००००० |
| ३१ | सामुदायिक विद्यालयमा होस्टेल(कान्दा, यौरालीटार, थाकलटार, स्वामीटार, महादेवटार) | ३०००००० |
| ३२ | एम्बुलेन्स खरिद | १५००००० |
| ३३ | दमकल भुक्तानी | ५००००० |
| ३४ | आँखा अस्पताल | ६००००० |
| ३५ | समपुरक अनुदान | ३००००००० |
| ३६ | नपा भवन भुक्तानी | १३०००००० |
| ३७ | दमकल खरिद तथा व्यवस्थापन | ७१८२८९७ |
| ३८ | उच्च शिक्षा अध्ययन गर्ने अति विपन्न विद्यार्थीको लागि छात्रावृत्ती कार्यक्रम | ५००००० |
| ३९ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०००००० |
| | | ५५१७८२८९७ |
| | संघीय शशर्त अनुदान | ३७५५००००० |
| | प्रदेश शशर्त अनुदान | २५७०३००० |
| | | ९५२९८५८९७ |

निर्णय नं. २

प्रस्ताव नं. २ माथ छलफल गर्दा नगरपालिकाको तेह्रौ नगरसभामा देहाय अनुसारको प्रस्ताव स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

१. आर्थिक ऐन २०८० पारित गर्ने सम्बन्धमा ।

२. विनियोजन ऐन २०८० पारित गर्ने सम्बन्धमा ।

३. स्थानीय भाषा ऐन २०८० पारित सम्बन्धमा ।

४. विभिन्न समितिहरुको प्रतिवेदन सम्बन्धमा ।

५. विविध ।

Scanned with CamScanner

**बैठक संख्या : २०** **मिति : २०८०।०३।२४**

**निर्णय नं. ३**

विविध प्रस्तावहरु माथि छलफल गर्दा देहाय अनुसार गर्ने गरि निर्णय गरियो ।

क. खेलकुदको फाइल सम्बन्धमा छलफल हुँदा पिप्ले युवा समाज दिएको रकम, नगर खेलकुद समितिलाई दिइएको, कालिका सृजनशिल क्लबलाई दिएको, युवा परिषदलाई दिएको रकम तथा खेलकुद सम्बन्धमा वडाको सिफारिस नगर प्रमुखको तोक आदेशको आधारमा विभिन्न मितिमा भए गरेका खेलकुद सम्बन्धी सबै खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

ख. रासी नगरपालिका तथा वडाबाट संशोधनको लागि सिफारिस भइ आएको योजना कार्यान्वयन भइ भुक्तानी भइ सकेको वा भुक्तानी हुन बाँकी रहेका सबै प्रकारका योजना,कार्यक्रम, बजेटको यथार्थ संशोधन तथा खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग. रासी नगरपालिकाको विगत देखि कार्यरत रहेको अस्थायी शिक्षकहरुलाई स्थायी शिक्षक आउदा विस्थापित भई हाल एक स्थानमा रिक्त भइ विद्यार्थीको पठनपाठनमा असर पर्ने भएकोले विस्थापित भएका शिक्षकहरुमध्य जेष्ठताको आधार विन्दु चौधरीलाई पुन स्थापित गरि आधारभुत विद्यालय आँपपानी रासी-११ मा कामकाजमा लगाउने निर्णय गरियो ।

घ. वडा नं. १३ को चर्च भवन सम्बन्धमा छलफल गर्दा चालु आ.व. ०७९/८० बार्षिक कार्यक्रम अन्तर्गत चर्च भवन निर्माणको लागि बजेट विनियोजन भएको तर निर्माण भएको भवनको जग्गा व्यक्तिगत भइ उजुरी परेको र पछि उक्त जग्गामा सम्झौता अनुसार निर्माण कार्य सम्पन्न भएकोले जे जस्तो भएता पनि भुक्तानी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ङ. रासी नगरपालिकाको कान्दामा आधारभुत स्वास्थ्य केन्द्र निर्माणको लागि विष्णु प्रसाद गौतमले रासी नगरपालिकाको नाममा जग्गा उपलब्ध गराउने हुँदा सो जग्गा नामसारीको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

Scanned with CamScanner

बैठक संख्या : २०　　　　　　　　　　मिति : २०८०।०३।२४

च. कर्मचारीको तलब भत्ता व्यवस्थापन सम्बन्धमा छलफल हुँदा रासी नगरपालिका स्थास्थ्य तर्फका स्थायी कर्मचारीहरुको अपुग तलब भत्ता भुक्तानीको लागि नगरपालिकाको स्थायो कर्चारीहरुको तलब शिर्षकमा रहेको रकमबाट र ज्यालादारी कर्मचारीको अपुग तलब करार कर्मचारीको पारिश्रमिकबाट व्यवस्था मिलाइ भुक्तानी गरिएकोले सो को अनुमोदन गर्ने र भण्डारा अस्पतालमा कार्यरत का स प्रविन चौधरी र अ न मी लुना थापालाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा नेपाल सरकारले तोकेको शुरुको तलब स्केल सरह तलब भत्ता सुविधा प्रदान गर्ने निर्णय गरियो ।

छ. सुरदेवी मार्ग सम्बन्धमा छलफल हुँदा रासी नगरपालिका वडा नं. २ मा रहेको सुरदेवी मार्गमा वडाको विनियोजित रकम रु ६ लाख र १२ औ कार्यपालिकाले विनियोजन गरेको १० लाख रकमबाट बाटो कायम गर्न नमिल्ने भएकोले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा वडा नं. २ मा नै संचालन गर्ने गरी योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

ज. नीतिगत निर्णय सम्बन्धमा छलफल गर्दा आ.व. ०७९/८० मा बार्षिक कार्यक्रम र बजेटमा व्यवस्था भएका वा संशोधन भएका भएका पूजीगतबाट पुजीगत, चालुबाट चालु वा अति आवश्यक भै नगरि नहुने अवस्था सृजना भएका पुजीगतबाट चालुमा संशोधन वा रकमान्तर गरिएका वडागत वा नगरपालिकाका निर्णयहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिकाबाट गरिएका सबै बजेट र खर्च संशोधन, सबै प्रकारको योजना खर्च कार्यपालिकाको बैंठकले अनुमोदन गर्ने निर्णय गरियो । आ.व. २०७९/०८० मा वडागत कार्य संचालन गर्दा र नगरपालिकामा कार्य संचालनका सिलसिलामा वडाका वडा अध्यक्षहरुबाट, रासी नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखबाट गरिएका सबै आदेशहरु र निर्णयहरु समेत अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक संख्या : २०　　　　　　　　　　　　मिति : २०८०।०३।२४

झ. यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नीलमकुमार न्यौपानेले लामो समय निजामती सेवामा अमूल्य योगदान पुऱ्याउदै यस नगरपालिकाको नामसँग मेलखाने राप्ती महाकाव्य समेत लेखी ऐरावती भनि ऐतिहासिक नाम समेतको परिचय दिई निरन्तर निजामती सेवाको अमूल्य योगदानका साथै यस नगरपालिकामा समेत छोटो अवधिमा नै समन्वय र उत्कृष्ट कार्य सम्पादन गर्नु भएकोले उहाँको समग्र निजामती सेवाको मूल्याङ्कन गरी उहाँलाई यस नगरपालिकाको नगर कार्यपालिकाबाट रु २००००१। दुइ लाख एक रुपैयाँ प्रोत्साहन पुरस्कार स्वरुप प्रदान गर्ने र आगामी नगरसभाबाट सम्मान गर्ने निर्णय गरियो ।

ञ. प्रदेश सरकार अन्तर्गत कृषि तथा पशुपंक्षी प्रर्वधन कार्यक्रम रु १५०००००। रकमान्तर गरि पशुपंक्षीमा देखिएको लम्की स्कीन भाइरस विरुद्ध खोप लगाइएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

ट. चितवन जिल्ला राप्ती नगरपालिका वडा नं. ८ साविक बडहरा ७ क कि.नं. २९४ मा बनेको लक्ष्मी गुरुङको घर मध्ये १ फ्लाट नगरपालिकालाई आवश्यक परी सम्झौता गरी भाडामा लिइएकोमा त्यसको अनुमोदन गर्ने निर्णय गरियो ।

ठ. राप्ती न.पा को आधारभुत शिक्षा उत्तीर्ण परीक्षाको सदस्य रहनु भएको बिरेन्द्र आदर्श मा.बि को शिक्षक श्री सीता भण्डारि म्यामको परीक्षा समितिको बैठक बसि परीक्षा कै काम गरि बिध्यालय फर्कने क्रमम मिति २०७९ चैत्र २६ गते मोटरसाइकलको ठक्करबाट दुर्घटना भएको र उपचारको क्रममा ३ महिना सम्म पुर्ण रुपमा बेड रेस्ट गर्नुपर्ने भएकोले नगरस्तरिय परिक्षा कै काम गर्ने क्रममा सो दुर्घटना भएकोले मिति देखि २०८०/०१/०१ देखि २०८०/ ३/३१ सम्मको उक्त अवधिको बिदालाई विशेष न. पा काज जनाइ उहाको सन्चित बिदा कटौती नहुने गरि काज कायम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक संख्या : २०　　　　　　　　　　　　　　　　मिति : २०८०।०३।२४

ड. आर्थिक सहायता सम्बन्धमा छलफल गर्दा आर्थिक आय न्यून रहेका अति विपन्न परिवारबाट विभिन्न कारण देखाई आर्थिक सहायता माग भएको हुँदा निम्न व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क सं. | नामथर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भवानी परियार | रासी-५ | २५०००। | दिर्घरोगी |
| २ | सुरेन्द्र प्रताप तमाङ | रासी-४ | २००००। | विरामी |
| ३ | विष्णु माया राई | रासी-३ | १००००। | खुट्टा भाचिएको |
| ४ | धन बहादुर राई | रासी-३ | १००००। | हात भाचिएको |
| ५ | कविता राई | रासी-३ | १००००। | स्वास्थ्य समस्या |
| ६ | चित्र वहादुर स्याङतान | रासी-५ | ५००००। | वैगुरपालन आर्थिक |
| ७ | भरत कुमार राई | रासी -५ | ५००००। | मृगौला पिडित |
| ८ | एकराज सिलवाल | रासी-२ | १००००। | स्वास्थ्य समस्या |
| | | | | |

ढ. विपदको फाइल सम्बन्धमा छलफल हुँदा रासी नगरपालिका क्षेत्र भित्र रहेको हावाहुरी तथा आगलागीबाट पिडित परिवारलाई देहाय अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो र नियमित वितरण गरिएको सबै जिल्लाको दररेट सँग मेल नखाएकोले जस्ताको विलको अनुसार जुन जुन वडाको माग भइ आएको छ तत् वडाबाट नयाँ आर्थिक वर्ष ०८०/०८१ को विपदको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

Sangam

Scanned with CamScanner